चुलाचुली गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## अनुसूची २

चुलाचुली गाउँपालिकाको

राजपत्र

**गाउँ कार्यपालिकाद्धारा प्रकाशित**

खण्ड, संख्या ५, प्रकाशित मिति २०७५/०९/०६

**भाग-२**

चुलाचुली गाउँपालिका

# टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५

आज्ञाले,
काजिमान राई
प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली **गाउँ कार्यपालिकाको बैठकबाट**
स्वीकृत मिति २०७५/०७/३०

चुलाचुली गाउँपालिकाको

**टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५**

**चुलाचुली गाउँपालिका**
इलाम जिल्ला, १ नं. प्रदेश,
नेपाल ।

# टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि
# २०७५

**१. भूमिका**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास स्थानीय स्तरमा सुशासन प्रबर्द्धन गर्न गाउँपालिकाको सहरी बस्तीहरूमा निश्चित भौगोलिक क्षेत्र भित्र रहेका सबै घरधुरीहरू सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न **चुलाचुली गाउँपालिका, ईलामले** यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ।

**२. उद्देश्य**

(क) टोल तथा बस्तीस्तरमा विभिन्न निकायहरूबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने,

(ख) टोल वाससीहरूमा उद्यमशिलताको विकास गराई टोलस्तरमा लघुउद्यमको सिर्जना, विकास र प्रबर्द्धन गर्ने

(ग) टोल तथा बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

(घ) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरूलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

(च) बस्ती/टोलस्तरमा सबै संस्थाहरूको प्रवेशद्वारको रूपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरूबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

(छ) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रूपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

(ज) टोलका सदस्यहरूमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरूको अभिलेख तयार गर्ने

(झ) टोलको समग्र विकासका लागि कार्यक्रमहरू तय गर्ने,

(ञ) वातावरणमैत्री तथा बालमैत्री गाउँ/नगर बनाउन तथा घोषणा गर्न आवश्यक सहयोग गर्ने।



**३. गठन**

**टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः**

(क) गाउँपालिका क्षेत्रको एक निश्चित भौगोलिक क्षेत्र भित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ।

(ख) पहिलो पटक टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरू रहेको एक टोल विकास संस्था कार्यसमिति गठन हुनेछ। तर दोस्रो पटकको हकमा यस्तो कार्यसमिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ। टोल विकास कार्यसमितिको अवधि **२** वर्षको हुनेछ। एक पटक अध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै २ वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन। कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कुनै एकजना अनिवार्य रूपमा महिला हुनुपर्नेछ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रूपमा समेट्नु पर्दछ। सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ। टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तीमा ५० प्रतिशत महिला आबद्ध गराउनु पर्नेछ।

(घ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूची-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नु पर्नेछ।

(ङ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यबद्धता कायम गर्नु पर्नेछ।

**४. दर्ता र सूचिकृत**

**टोल विकास संस्थाको दर्ता र सूचिकृत देहाय बमोजिम हुनेछः**

(क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता र सूचिकृत गर्नेछ। टोल विकास संस्थालाई गाउँपालिमा दर्ता गर्दा पेश गर्ने निवेदन तथा विधानको नमुना र सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना *अनुसूची -१* मा उल्लेख गरिए बमोजिम हुनेछ। टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा गाउँपालिकाको सम्बन्धित शाखाले अनुसूची-२ बमोजिमको टोल विकास दर्ता प्रमाण(पत्र प्रदान गर्नु पर्ने छ।

(ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ।

(ग) यस कार्यविधि बमोजिम दर्ता गर्ने टोल विकास संस्थाको लागी तोकिएको निवेदन दस्तुर बाहेक अन्य शुल्क लाग्ने छैन ।

(घ) यस कार्यविधि बमोजिम सुचिकृत हुन आउने टोल विकास संस्थाको लागी पनि तोकिएको निवेदन दस्तुर बाहेक अन्य शुल्क लाग्ने छैन ।

(ङ) यस कार्यविधि बमोजिम टोल विकास संस्थाको रुपमा दर्ता वा सुचिकृत भई सकेपछि वार्षिक रुपमा आफुले गरेका गतिविधीहरुको लेखापरिक्षण सहितको विवरण पेश गरी गाउम्पालिकाको सम्बनधित शाखाबाट संस्थाको नविकरण गर्नु पर्ने छ र त्यसरी नविकरण गर्दा तोकिएको निवेदन दस्तुर बाहेक अन्य शुल्क लाग्ने छैन ।

## ५. टोल विकास संस्थाको काम

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरूको हितका लागि देहायका कार्यहरू गर्नेछः

(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

(ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरू सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) टोलमा सडक, ढल लगायतका पूर्वाधारमा गाउँपालिकाको सहमतिमा संस्थाको निर्णय अनुसार सेवा शुल्क लिने,

(ङ) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने,

(च) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

(छ) एच.आइ.भी. ⁄एड्स, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ज) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(झ) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरूको पहिचान गरी वडामा सिफारिश गर्ने,

(ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबाट प्राप्त योजनाहरूको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ट) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरू टोल विकास संस्था मार्फत सञ्चालन हुने वातावरण सिर्जना गर्ने,



(ठ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ड) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(ढ) टोलमा रहेका सार्वजनिक, पर्ति, एलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने,

(ण) गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने,

(त) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने लेखा राख्ने र लेखापरीक्षण गराउने,

(थ) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरू ।

## ६ टोल विकास संस्थाको कार्य समितिको बैठक

***टोल विकास संस्थाको कार्यसमितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः***

(क) टोल विकास संस्थाका सदस्यहरूको हित, सहयोग एवम् समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तीमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(ख) समितिको बैठकमा सामाजिक परिचालक, गाउँपालिकाका प्रतिनिधिहरू लगायत अन्य सरोकारवालाहरूलाई आमन्त्रित गर्न सकिनेछ ।

(ग) सचिवले संस्थाको बैठकको निर्णयहरू बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

## ७ टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

टोल विकास संस्थाको कार्यसमितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

### (क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१. संस्थाको नियमित बैठक बोलाउने बैठकका लागि मिति, समय र स्थान तोक्ने।

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने र गर्न लगाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

५. निर्णयहरू लागु गर्ने र गर्न लगाउने ।

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७. संस्थाले आर्जनर प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
९. कार्यविधि बमोजिम अन्य कार्यहरू गर्ने ।

**(ख) सचिवको काम, कर्तव्य र अधिकार**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२. एक तिहाई सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने
३. छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने
४. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
५. तोकिएको अन्य कार्यहरू गर्ने ।

**(ग) कोषाध्यक्षको, काम कर्तव्य र अधिकार**

१ संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
२. खर्चको लेखापरीक्षण गराउने ।
३. बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रूपमा खाता सञ्चालन गर्ने ।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) सदस्यहरूको, काम कर्तव्य र अधिकार**

१. गाउँपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरू गर्ने ।
२. संस्थाको हिसाब किताब जाँच गर्ने ।
३. संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने ।
४. आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरू बनाउने र सो नियमहरू पालना भए, नभएको हेर्ने ।
५. आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरूलाई सघाउने ।
६. तोकिएका अन्य कार्यहरू गर्ने ।
७. आर्थिक व्यवस्थापन संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखापरीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

**(क) टोल विकास संस्थाको आम्दानी**

१. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरूबाट प्राप्त हुने सहायता र अनुदान ।
२. टोल विकास संस्थाले आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
३. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रूपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।
४. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**(ख) टोल विकास संस्थाको खर्च**

१. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ
२. संस्था सञ्चालन व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नु पर्ने खर्चहरू टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**(ग) टोल विकास संस्थाको नाफा**

१. टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
२. नाफा संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**(घ) टोल विकास संस्थाको लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछः

१. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी सम्पूर्ण विकास खर्चको विवरण संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको स्पष्ट लेखा राख्नु पर्दछ ।
२. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**(ङ) लेखापरीक्षण**

संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछः

१. संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।
२. आवश्यकता अनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।
३. संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

**८. टोल विकास संस्थाको संरक्षण र सम्वर्द्धन सम्बन्धी शाखा र बोर्ड :**

गाउँ कार्यपालिकाले तोके बमोजिमको **टोल विकास संस्थाको संरक्षण र सम्वर्द्धन सम्बन्धी** एक **बोर्ड रहने छ । उक्त वोर्डको अधिनमा रहि टोल विकास संस्थाको संरक्षण र सम्वर्द्धन लगायतका कार्यहरु गर्नेछ ।**

**९. गाउंपालिकाको सम्बन्धीत शाखाले उत्कृष्ट संस्था छनौट गरी पुरस्कारको व्यवस्था गरी वितरण गराउने :**

**गाउंपालिकाको सम्बन्धीत शाखाले प्रत्येक वर्षको अन्य सम्ममा उत्कृष्ट कार्य गर्ने गराउने टोल विकास संस्थाको छनौट गरी प्रोहोत्साहन स्वरुप उत्कृष्ट कार्य गरी छनौट हुने संस्थालाई वोर्ड मार्फत तोकिए बमोजिमको पुरस्कार वितरण गराउने ।**

**१०. विविध**

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन नियमहरूसँग बाझिएमा बाझिएका बुँदाहरू स्वतः खारेज हुनेछन् ।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिका बोर्ड बैठकबाट सोको समस्या समाधान गरिने छ ।

**६ अनुसूची १**

**दर्ता/सुचिकृत गर्नको लागी दरखास्तको (नमुना)**

मिति : २०... । ...

श्री **संस्था** दर्ता गर्ने अधिकारी ज्यू !
चुलाचुली गाउँकार्यपालिकाको कार्यालय
प्रदेश नं.१ इलाम

**विषय : संस्था दर्ता/सुचिकृत गरी पाउं ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता /**सुचिकृत** गरी पाउन निवेदन गर्दछौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको नाम सहीतको विधान दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौँ ।

**संस्थासम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-
(ख) ठेगाना :-
(ग) उद्देश्य :-
(घ) मुख्य कार्य :-
(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना
(२) पुरुष ......... जना

निवेदकहरुको नाम र ठेगानाः

*नमुना*

# टोल विकास संस्था संचालन सम्बन्धी बिधान २०७५

## चुलाचुली गाउँपालिकाको कार्यालय
## चुलाचुली–ईलाम

# ........................................टोल विकास संस्था
# चुलाचुली वडा नं. ..... ईलामको
# विधान

**प्रस्तावना**

स्थानीय रूपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँपालिकाका सामाजिक तथा आर्थिक व्यवस्थालाई एकार्काको परिपूरकको रूपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्न टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो..............................टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएकोछ ।

**१. प्रारम्भिक**

***संक्षिप्त नाम र प्रारम्भ***

(क) यो विधान................................टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो विधान.............................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(ग) यस संस्थाको कार्यालय...................................मा हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमाः

(१) संस्था भन्नाले.....................................................टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

(२) विधान भन्नाले.......................टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(३) साधारणसभा भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्दछ ।

(४) समिति भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

(५) बैठक भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

(६) पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।

**३. संगठित संस्था हुने**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।



(ख) संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उद्देश्यहरू**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आय वृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीयस्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीयस्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

**५. टोल विकास कार्य समितिको गठन**

***टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :***

(क) गाउँपालिकाको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्य रहेको एक टोल विकास कार्यसमिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्यसमिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि **२ वर्ष**को हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एकजना अनिवार्य रूपमा महिला हुनुपर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला आबद्ध गराउनु पर्नेछ ।

**६. संस्थाका कार्यहरु**

***टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :***

१. प्रत्येक टोलस्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाको सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. टोलमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोलविकास योजना बनाउने ।

५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाहजस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने,

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. टोलमा बसोबास गर्ने बासिन्दाका बिचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

९. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल बस्तीलाई नमूना बस्तीको रूपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित गाउँ, शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजनिक, पर्ति, एलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१५. गाउँपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१६. गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

**७. सदस्यता**

संस्थाको सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलवासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छु नयाँ टोलवासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने**

***देहायको अवस्थामा सदस्य रहने छैन :***

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुने छ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन गाउँपालिकाकोमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहरुलाई सफाई दिने अवसरबाट बञ्चित गरिनेछैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवम् कार्य सञ्चालन विधि**

***संस्था गठन एवम् कार्य सञ्चालन विधि देहाय बमोजिम हुनेछ :***

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोल विकासको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोल भित्र बसोबास गर्ने अधिकांश घरधुरीहरुको उपस्थितिमा संस्था गठन हुनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन् ।

(ग) संस्थामा कम्तीमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तीमा १ जना महिला हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

***संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :***

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने ।

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
३. बैठकमा अनुशासनको पालन भर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६. सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।
७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
८. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने गराउने ।
९. विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

**(ख) सचिवको काम, कर्तव्य र अधिकार**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
२. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
३. एक तिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
४. बैठक पुस्तिकामा उपस्थित गराउने ।
५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।
६. संस्थाको क्रियाकलापका बारेमा सदस्यहरुलाई जानकारी गराउने ।
७. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।
२. बैंकमा संयुक्त रूपमा खाता सञ्चालन गर्ने ।
३. अन्य सदस्यहरुसँग समन्वय गरी सहयोग लिने दिने ।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरु ।
२. संस्थाको हिसाब किताब चेक गर्ने ।
३. संस्थाको पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रूपमा गर्ने ।
४. संस्था सञ्चालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने।
५. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली :**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिमको हुनेछ :

१. संस्थाको सम्पूर्ण सदस्यहरु रहेको साधारण सभा हुनेछ ।
२. साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।
३. साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।
२. लेखापरीक्षक नियुक्ति गर्ने ।
३. संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।
४. कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
५. कार्यसमिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
६. संस्थाको विधान संशोधन गर्ने ।
७. आवश्यकता अनुसार सल्लाहकारहरु मनोनयन गर्ने ।
८. संस्थाको वार्षिक कार्य योजनाहरु स्वीकृत गर्ने ।

**१३. आर्थिक अवस्था**

(क) संस्थाको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ :

- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
- अन्य आम्दानीहरु ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरिद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नु पर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्यसमितिलाई अविश्वासको प्रस्ताव**

कार्यसमितिका अध्यक्ष एवम् पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विविध**

(क) विधान संशोधन गर्नु पर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ ।

(ख) प्रचलित ऐन,कानून र नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

**अनुसूची २**

संस्था दर्ता प्रमाण-पत्रको नमुना

चुलाचुली गाउँपालिकाको कार्यालय
संस्था दर्ता प्रमाण-पत्र
दर्ता नं. :

चुलाचुली गाउँपालिका टोल विकास संस्था **सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५** को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई संस्थामा दर्ता गरी/ सुचिकृत गरी स्वीकृत विधान सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

दर्ता गरेको मिति :
दस्तखत :
दर्ता गर्ने अधिकारीको नाम :
कार्यालयको छाप :